आठविसकोट नगरपालिकाको ३० औं बैठक मिति २०७५/१२/०३ गते का दिन आठविसकोट नगरपालिकाको नगर सभा हलमा नगर प्रमुख श्री गोर्खबहादुर के.सी. को अध्यक्षता र तपसिलका सदस्यहरुको उपस्थितिमा बस्यो । उक्त बैठकमा तपसिलमा उल्लेखित प्रस्तावहरु निर्णयार्थ पेश गरियो ।

| क्र.स. | पदाधिकारीहरुको विवरण | | पद | दस्तखत | |
|---|---|---|---|---|---|
| | नाम, थर | ठेगाना | | २०७५/१२/०३ | २०७५/१२/०३ |
| १ | गोर्ख बहादुर के.सी. | आठविसकोट-१० | नगर प्रमुख | | |
| २ | गीता नेपाली | आठविसकोट-११ | नगर उपप्रमुख | | |
| ३ | रामबहादुर के.सी. | चौरजहारी नपा-१२ | नि.प्रमुख प्रशासकीय अधिकृत | | |
| ४ | देवबहादुर घर्ती | आठविसकोट-१ | वडा अध्यक्ष | | |
| ५ | देवबहादुर यरी | आठविसकोट-२ | वडा अध्यक्ष | | |
| ६ | केशरमान वि.क. | आठविसकोट-३ | वडा अध्यक्ष | | |
| ७ | बाबुराम विष्ट | आठविसकोट-४ | वडा अध्यक्ष | | |
| ८ | प्रजिते कामी | आठविसकोट-५ | वडा अध्यक्ष | | |
| ९ | डिल बहादुर सार्की | आठविसकोट-६ | वडा अध्यक्ष | | |
| १० | नवराज बुढा | आठविसकोट-७ | वडा अध्यक्ष | | |
| ११ | मनबहादुर चदारा | आठविसकोट-८ | वडा अध्यक्ष | | |
| १२ | तारक बहादुर शाही | आठविसकोट-९ | वडा अध्यक्ष | | |
| १३ | गंगाराम चनारा | आठविसकोट-१० | वडा अध्यक्ष | | |
| १४ | हस्ते आग्री | आठविसकोट-११ | वडा अध्यक्ष | | |
| १५ | खुम्मे कुसारी | आठविसकोट-१२ | वडा अध्यक्ष | | |
| १६ | विनोद पुन | आठविसकोट-१३ | वडा अध्यक्ष | | |
| १७ | हुकुम बहादुर पुन | आठविसकोट-१४ | वडा अध्यक्ष | | |
| १८ | कल्पना खड्का | आठविसकोट-१४ | कार्यपालिका सदस्य | कल्पना | |
| १९ | सिता शाह | आठविसकोट-१० | कार्यपालिका सदस्य | सिता | |
| २० | प्रभा मल्ल वि.क. | आठविसकोट-४ | कार्यपालिका सदस्य | | |
| २१ | प्रेङका यरी | आठविसकोट-२ | कार्यपालिका सदस्य | | |
| २२ | आशिराम विश्वकर्मा | आठविसकोट-१३ | कार्यपालिका सदस्य | | |
| २३ | गोरख बहादुर कामी | आठविसकोट-११ | कार्यपालिका सदस्य | | |
| २४ | धन्नामे दमाई | आठविसकोट-३ | कार्यपालिका सदस्य | | |
| २५ | मनकली कामी | आठविसकोट-११ | कार्यपालिका सदस्य | मनकली | |
| २६ | गणेश चन्द | चौरजहारी नपा-१४ | सूचना प्रविधि अधिकृत | | |
| २७ | जयबहादुर बुढा | आठविसकोट-२ | प्रशिक्षक | | |
| २८ | ज्ञानु आचार्य | चौरजहारी नपा-६ | कम्प्युटर टेक्निसियन | | |
| २९ | | | | | |
| | | | | | |
| | | | | | |

| प्रस्तावहरु | | |
|---|---|---|
| क्र.स. | प्रस्तावको नाम | कैफियत |
| १ | आठविसकोट नगरपालिका "मोडेल एग्रो भिलेज" निर्माण, संचालन तथा व्यबस्थापन कार्यबिधि, २०७५ सम्बन्धी प्रस्ताव | |
| २ | आठविसकोट नगरपालिका कृषक समूह गठन व्यवस्थापन तथा कार्यक्रम संचालन सम्बन्धि कार्यविधि, २०७५ सम्बन्धी प्रस्ताव | |
| ३ | यान्त्रिक उपकरणहरु सञ्चालन सम्बन्धी कार्यविधि, २०७४ सम्बन्धी प्रस्ताव | |
| ४ | विद्यालयहरुको दुई कोठे भवन (सबै तह), शौचालय(सबै तह), विज्ञान प्रयोगशाला(माध्यमिक तह), पुस्तकालय(माध्यमिक तह) वितरण सम्बन्धी प्रस्ताव | |
| ५ | आर्थिक वर्ष २०७५/०७६ को वार्षिक योजना (बजेट तथा कार्यक्रम) तर्जुमा चरण र समय सीमा सम्बन्धी प्रस्ताव | |
| ६ | आर्थिक वर्ष २०७५/०७६ को वार्षिक विकास कार्यक्रम संशोधन सम्बन्धी प्रस्ताव | |
| ७ | वधशालाको संरचना निर्माण र ल्यान्डफिल साइडको संरचना निर्माणको लागि जग्गा खरिद वा प्राप्ति सम्बन्धी प्रस्ताव | |
| ८ | समपूरक तथा विशेष अनुदान प्राप्ति सम्बन्धी जानकारी | |
| ९ | विविध | |

२०७५/१२/०२

## निर्णयहरु

निर्णय नं. १ : आठविसकोट नगरपालिका "मोडेल एग्रो भिलेज" निर्माण, संचालन तथा व्यवस्थापन कार्यबिधि, २०७५ सम्बन्धी प्रस्ताव संशोधन सहित सर्वसहमतिबाट पारित गरियो ।

निर्णय नं. २ : आठविसकोट नगरपालिका कृषक समूह गठन, व्यवस्थापन तथा कार्यक्रम संचालन सम्बन्धि कार्यविधि, २०७५ सम्बन्धी प्रस्ताव सर्वसहमतिबाट पारित गरियो ।

निर्णय नं. ३ : यान्त्रिक उपकरणहरु सञ्चालन सम्बन्धी कार्यविधि, २०७४ सम्बन्धी प्रस्ताव सर्वसहमतिबाट पारित गरियो ।

निर्णय नं. ४ : आर्थिक वर्ष २०७५/०७६ को वार्षिक योजना (बजेट तथा कार्यक्रम) तर्जुमा चरण र समय सीमा सम्बन्धी प्रस्तावको सम्बन्धमा छलफल गरियो । साथै समय तालिका अनुसार नै वार्षिक योजना तर्जुमाको प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

निर्णय नं. ५ : वधशालाको संरचना निर्माण र ल्यान्डफिल साइडको संरचना निर्माणको लागि जग्गा खरिद वा प्राप्ति सम्बन्धी प्रस्ताव सर्वसहमतिबाट पारित गरियो । हाल ल्यान्डफिल साइट निर्माण र वधशाला निर्माणको लागि प्रस्तावित स्थानको नगरपालिकाको पूर्वाधार विकास शाखाले तयार पारेको प्रतिवेदन अनुसारको जग्गा देहायको दरमा नबढ्ने गरी खरिद गर्ने निर्णय गरियो :

(क) वडा नं. ११ सिमबजारमा प्रतिवेदनमा उल्लेखित जग्गा वधशाला निर्माणको लागि प्रति रोपनी ४ लाख ४७ हजार रुपैयाँको दरले ।

(ख) वडा नं. ९ राडीबजारमा प्रतिवेदनमा उल्लेखित जग्गा ल्यान्डफिल साइट निर्माणको लागि प्रति रोपनी ६ लाख ६६ हजार रुपैयाँका दरले ।

(ग) वधशाला निर्माणको लागि संघीय सरकारबाट यस नगरपालिकामा प्राप्त बजेट अनुसारको कार्यक्रम कार्यान्वयनको लागि सम्झौता लगायतका आवश्यक कार्य गर्न नगरपालिकाको आर्थिक विकास शाखा संयोजक एवम् कृषि प्राविधिक श्री मानबहादुर खत्रीलाई अख्तियारी दिई खटाउने ।

(घ) वधशाला निर्माण गर्नुपूर्व उक्त आयोजना कार्यान्वयन हुने स्थानको प्रारम्भिक वातावरणीय परिक्षण (IEE) गर्न स्वीकृत मापदण्ड अनुसार खर्च उपलब्ध गराउने गरी परामर्शदाता छनौट गरी कार्यालयले प्रतिवेदन तयार गरी तत्काल स्वीकृत गराउने ।

(ङ) जग्गा प्राप्ति सम्बन्धी पूर्वाधार विकास शाखाले तयार गरी पेश गरेको प्रतिवेदन अनुमोदन गरियो ।

(च) राडीज्यूला शिक्षा क्याम्पसको लागि आवश्यक जग्गा स्वीकृत मापदण्ड अनुसार नगरपालिकासँग समन्वय गरी खरिद गर्न क्याम्पसलाई अख्तियारी दिने ।

निर्णय नं. ६ : **आर्थिक वर्ष २०७५/०७६ को लागि यस नगरपालिकामा संघ तथा प्रदेश सरकारबाट प्राप्त** समपूरक तथा विशेष अनुदान प्राप्ति सम्बन्धमा जानकारी गराईयो । यस वर्ष समपूरक र विशेष अनुदान प्राप्त आयोजना कार्यान्वयन हुने वडालाई आर्थिक वर्ष २०७६/०७७ को बजेट तथा कार्यक्रम तर्जुमा गर्दा समपूरक तर्फको बजेट सुनिश्चित भएपछिमात्र थप बजेट उपलब्ध गराउने । अन्यथा अत्यावश्यक आयोजना बाहेक थप बजेट उपलब्ध नगराउने निर्णय गरियो । साथै संघ तथा प्रदेशमा पेश भएको प्रस्ताव अनुसार समपूरक तथा विशेष अनुदान र आयोजनाको विवरण देहाय बमोजिम निर्धारण गरियो :-

नि.प्रमुख प्रशासकीय अधिकृत

| समपूरक अनुदानबाट कार्यान्वयन हुने योजनाहरु | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| क्र.स. | आयोजनाको नाम र विववरण | आयोजना कार्यान्वयन हुने स्थान | बजेट विनियोजन रु हजारमा | कूल बजेटमध्ये | | | कैफियत |
| | | | | संघीय सरकारको हिस्सा | प्रदेश सरकारको हिस्सा | नगरपालिकाको हिस्सा | |
| १ | गोईरी स्यानीवार्खु मोटरबाटो निर्माण तथा स्तरोन्नति | वडा नं. ११ र १२ | 10,000.00 | 4,000.00 | | 6,000.00 | |
| २ | घारीखोला डाडाँखाली मोटर बाटो निर्माण तथा स्तरोन्नति | वडा नं. १० | 10,000.00 | 4,000.00 | | 6,000.00 | |
| ३ | घेत्मा हम्पा सडक निर्माण तथा स्तरोन्नति | वडा नं. १३ | 10,000.00 | 4,000.00 | | 6,000.00 | |
| ४ | बसेरा खदि सडक निर्माण तथा स्तरोन्नति | वडा नं. २ र ३ | 10,000.00 | 3,000.00 | | 7,000.00 | |
| ५ | काष्ठ उद्योग निर्माण | वडा नं. १० र १२ | 15,000.00 | 6,000.00 | | 9,000.00 | |
| ६ | नगर अस्पताल भवन निर्माण | वडा नं. ९ वा ११ | 20,000.00 | - | 10,000.00 | 10,000.00 | |
| | जम्मा (क) | | 75,000.00 | 21,000.00 | 10,000.00 | 44,000.00 | |
| विशेष अनुदानबाट कार्यान्वयन हुने योजनाहरु | | | | | | | |
| १ | जनता माध्यमिक विद्यालय झिनचौर भवन निर्माण | वडा नं. १० | 7,500.00 | 7,500.00 | | | |
| २ | सरस्वति माध्यमिक विद्यालय मिग्री भवन निर्माण | वडा नं. ५ | 7,500.00 | 7,500.00 | | | |
| ३ | जनविकास माध्यमिक विद्यालय घारीखोला भवन निर्माण | वडा नं. १० | 5,000.00 | 5,000.00 | | | |
| ४ | सूर्योदय माध्यमिक विद्यालय झिनचौर भवन निर्माण | वडा नं. ६ | 5,000.00 | 5,000.00 | | | |

नि.प्रमुख प्रशासकीय अधिकृत

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ६ | ल्यान्डफिल साइड संरचना निर्माण | वडा नं. ९ | 5,000.00 | 5,000.00 | | | |
| | जम्मा (ख) | | 30,000.00 | 30,000.00 | - | - | |
| | कूल जम्मा (क)+(ख) | | 105,000.00 | 52,000.00 | 10,000.00 | 43,000.00 | |

<u>निर्णय नं. ७ :</u> आर्थिक वर्ष २०७५/०७६ को वार्षिक विकास कार्यक्रम संशोधन सम्बन्धी देहायको प्रस्ताव सर्वसहमतिबाट पारित गरियो ।

वार्षिक विकास कार्यक्रम (संशोधन)

आ.व.२०७५/७६

अनुसूची-६

रु. हजारमा

| क्र.स. | कार्यक्रम/आयोजनाको नाम | लक्ष्य | विनियोजन रु. | | श्रोत | | | थपघट |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | आन्तरिक श्रोत | अन्तर सरकारी वित्तीय हस्तान्तरण | | |
| | | | सुरुमा | हाल | | नेपाल सरकार | प्रदेश सरकार | |
| १ | प्रदेश सरकारसँगको साझेदारीमा आधूनिक वधशाला एवम् वधस्थल निर्माण | १ | 500.00 | - | | - | | (500.00) |
| २ | आधूनिक वधशाला एवम् वधस्थल निर्माण, ल्यान्डफिल साइडको संरचना निर्माण, नगरपालिकाको कार्यालय प्रयोजनको लागि आवश्यक जग्गा खरिद तथा प्राप्ति | १ | - | 2,800.00 | 500.00 | 2,300.00 | | 2,800.00 |
| ३ | क्वारेन्टाईन चेक पोष्ट(कृषि, पशू) | १ | 100.00 | - | | - | | (100.00) |
| ४ | उत्कृष्ट कृषि फर्म वा किसानहरुलाई प्रोत्साहन अनुदान | २ | 200.00 | - | | - | | (200.00) |
| ५ | हाटबजार तथा कृषि प्रदर्शनी व्यवस्थापन खर्च | १ | 300.00 | - | | - | | (300.00) |
| ६ | अन्तर जिल्ला कृषक अवलोकन भ्रमण | १ | 700.00 | 96.00 | | 96.00 | | (604.00) |

नि.प्रमुख प्रशासकीय अधिकृत

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ७ | आव २०७४।०७५ मा वितरण भएका विरुवाहरुको स्याहारको लागि किसानहरुलाई प्रोत्साहन अनुदान | १ | 400.00 | - | | - | | (400.00) |
| ८ | पर्यटकीय स्थल तथा क्षेत्रहरुको पहिचान र प्रचारप्रसार खर्च र तालिम खर्च | १ | 500.00 | - | | - | | (500.00) |
| ९ | लक्षित वर्ग क्षेत्र, समुदायको सशक्तीकरण तथा क्षमता विकासको लागि सहकारी शिक्षा कार्यक्रम | १ | 753.00 | 188.00 | | 188.00 | | (565.00) |
| १० | संघ तथा प्रदेशसँगको साझेदारीमा प्राविधिक शिक्षालय /सीपमूलक तथा व्यवसायिक तालिम केन्द्र स्थापना र सञ्चालन | १ | 750.00 | - | | - | | (750.00) |
| ११ | संघ तथा प्रदेश सरकारसँगको साझेदारीमा नमूना विद्यालय संचालन खर्च | १ | 800.00 | - | | - | | (800.00) |
| १२ | स्यार्पु पावर कम्पनीमा नगरपालिकाको तर्फबाट शेयर निर्माण खर्च | १ | - | 1,000.00 | | 1,000.00 | | 1,000.00 |
| १३ | नगरपालिकाको आवधिक योजना तथा विभिन्न क्षेत्रगत योजना निर्माण, तथ्यांक संकलन तथा नगर प्रोफाइल निर्माण, अनुसन्धान तथा विकास खर्च | १ | - | 1,300.00 | | 1,300.00 | | 1,300.00 |
| १४ | सार्वजनिक निर्माण (खारखारा खोला, गिजागाडखोला तथा जलविद्युत आयोजनाहरुमा तटवन्धन/तारजाली खरिद तथा वितरण) | १ | - | 1,950.00 | | 1,950.00 | | 1,950.00 |
| १५ | फर्निचर तथा फिक्चर्स (नगरपालिकाको नयाँ भवनको लागि बैठक कक्ष निर्माणको लागि आवश्यक फर्निचर कार्पेट लगायतका सामग्रीहरु | १ | - | 800.00 | | 800.00 | | 800.00 |

नि.प्रमुख प्रशासकीय अधिकृत

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | खरिद) | | | | | | | |
| १६ | सवारी साधन खरिद | १ | - | 900.00 | | 900.00 | | 900.00 |
| १७ | अध्ययन भ्रमण | १ | 300.00 | - | | - | | (300.00) |
| १८ | विपन्न वर्गका जेहेन्दार एवम् मेधावि विद्यार्थीहरुको लागि प्राविधिक विषयमा उच्च शिक्षा अध्ययन गर्न छात्रवृत्ति तथा शैक्षिक ऋण | १ | 3,500.00 | 6,500.00 | | 6,500.00 | | 3,000.00 |
| १९ | कृषि डकुमेन्टरी प्रदर्शन | | 100.00 | | | | | (100.00) |
| २० | आपतकालिन बाल उद्धार कोष संचालन तथा आर्थिक सहायता | | 200.00 | | | | | (200.00) |
| २१ | बालबालिकाहरुको पोषणको स्थिति थाहा पाउन प्रत्येक विद्यालयमा हाइट, फिट एण्ड फाइन मापन गर्ने मेसीन खरिद तथा वितरण | १ | 250.00 | - | | - | | (250.00) |
| २२ | औद्योगिक शिक्षा सम्बन्धि तालिम, अध्ययन भ्रमण तथा औद्योगिक क्षेत्रमा मेकानिकल इन्जिनियर खटाउन सेवा परामर्श खर्च/फलफूल/वन पैदावारमा आधारित उद्योग सञ्चालन तथा व्यवस्थापनमा सहयोग | १ | 600.00 | - | | | | (600.00) |
| २३ | प्रदेश सरकार एवम् संघीय सरकार समेतको सहयोगमा सीपमूलक एवम् व्यवसायिक तालिम केन्द्रको निर्माण | १ | 2,000.00 | - | | - | | (2,000.00) |
| २४ | अशक्त असहाय बालबालिकाहरुको पोषण सुरक्षाको लागि करेसावारी निर्माणमा अनुदान | १ | 100.00 | - | | - | | (100.00) |
| २५ | उद्यमी महिलाहरुलाई एक हप्ते करेसाबारी तालिम सञ्चालन तथा विउ वितरण | | 450.00 | | | | | (450.00) |

नि.प्रमुख प्रशासकीय अधिकत

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २६ | बालबालिकाको क्षेत्रमा क्रियाशिल संघसंस्थाहरुलाई प्रोत्साहन, बाल क्लब, सञ्जालको गठन | | 200.00 | | | | | (200.00) |
| २७ | विपन्न वर्गका ज्येष्ठ नागरिकहरुलाई टर्च, न्यानो जुत्ता तथा फलफूल वितरण/जेष्ठ नागरिक सम्मान कार्यक्रम | | 420.00 | | | | | (420.00) |
| २८ | विशेष शिक्षा कार्यक्रम | | 100.00 | | | | | (100.00) |
| २९ | नगरस्तरिय साँस्कृतिक कार्यक्रम (विभिन्न नाचहरु, साहित्यिक श्रष्टाहरुको सम्मान तथा प्रोत्साहन, सञ्चार माध्यामबाट साहित्यिक कार्यक्रम प्रसारण, मेलाजात्रा तथा महोत्सव आयोजना, झाँकी प्रदर्शन लगायत) | १ | 300.00 | 50.00 | 0.00 | 50.00 | | (250.00) |
| ३० | नगर साँस्कृतिक केन्द्रको निर्माण (बाजागाजा, ड्रेस लगायतका सामग्रीहरुको खरिद तथा व्यवस्थापन) | १ | 200.00 | 50.00 | 0.00 | 50.00 | | (150.00) |
| ३१ | साहित्यिक कार्यक्रम सञ्चालन | १ | 200.00 | 50.00 | 0.00 | 50.00 | | (150.00) |
| ३२ | संघ तथा प्रदेश सरकारसँगको साझेदारीमा नगर स्तरिय खेलमैदानको स्तरोन्नति | १ | 987.00 | - | | 0.00 | | (987.00) |
| ३३ | निर्माणाधिन वसपार्कको स्तरोन्नति | १ | 774.00 | - | - | - | | (774.00) |
| जम्मा | | | 15,684.00 | 15,684.00 | 500.00 | 15,184.00 | - | - |

<u>निर्णय नं. ८ :</u> विद्यालयहरुको दुई कोठे भवन (सबै तह), शौचालय(सबै तह), विज्ञान प्रयोगशाला(माध्यमिक तह), पुस्तकालय(माध्यमिक तह) वितरण सम्बन्धी प्रस्ताव सर्वसहमतिबाट पारित गरियो ।

नि.प्रमुख प्रशासकीय अधिकृत

| दुई कोठे भवन निर्माण, शौचालय निर्माण, विज्ञान प्रयोगशाला, पुस्तकालय वितरणको विवरण | | | | | |
|---|---|---|---|---|---|
| क्र.स. | विद्यालयको नाम | आयोजना कार्यान्वयन हुने स्थान | विनियोजित बजेट रु हजारमा | स्रोत | कैफियत |
| १ | श्री ज्ञानोदय मावि चौतारा भवन निर्माण | वडा नं. ४ | 1,600.00 | नेपाल सरकार | भवन |
| २ | श्री सृजना आवि पिपलचौर भवन निर्माण | वडा नं. १४ | 1,600.00 | नेपाल सरकार | भवन |
| ३ | श्री आधारभूत विद्यालय गाउँबारी शौचालय निर्माण | वडा नं. १३ | 700.00 | नेपाल सरकार | शौचालय |
| ४ | श्री त्रिवेणी आधारभूत विद्यालय स्यानीवार्खु शौचालय निर्माण | वडा नं. १२ | 700.00 | नेपाल सरकार | शौचालय |
| ५ | श्री जनविकास माध्यमिक विद्यालय घेत्मा शौचालय निर्माण | वडा नं. १४ | 700.00 | नेपाल सरकार | शौचालय |
| ६ | श्री शहिद स्मृति नमूना माध्यमिक विद्यालय | वडा नं. ९ | 650.00 | नेपाल सरकार | पुस्तकालय |
| ७ | श्री आदर्श माध्यमिक विद्यालय घेत्मा विज्ञान प्रयोगशाला निर्माण | वडा नं. १४ | 650.00 | नेपाल सरकार | विज्ञान प्रयोगशाला |
| ८ | श्री हिमालय माध्यमिक विद्यालय, खदि | वडा नं. ३ | 650.00 | नेपाल सरकार | विज्ञान प्रयोगशाला |
| ९ | श्री नेपाल राष्ट्रिय माध्यमिक विद्यालय गत्तसैना घेरावार र फर्निचर | वडा नं. ११ | 500.00 | नेपाल सरकार | घेरावार र फर्निचर |
| १० | श्री राडीज्यूला शिक्षा क्याम्पस जग्गा खरिद तथा तटवन्धन | वडा नं. ९ | 1,000.00 | नेपाल सरकार | जग्गा खरिद र तटवन्धन |
| जम्मा | | | 8,750.00 | | |

नि.प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं. ९ : बालगृहका बालबालिकाहरुको खर्च सम्बन्धी मापदण्ड सर्वसहमतिबाट पारित गरियो । साथै सिस्ने हिमाल बालगृहका बालबालिकाहरुको आर्थिक वर्ष २०७५/०७६ श्रावणदेखि फाल्गुन मसान्तसम्मको स्वीकृत वार्षिक कार्यक्रम अनुसार लालनपालन खर्च मापदण्ड बमोजिम उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. १० : वडा नं. ३ मा चर्च निर्माण तथा वडा नं १० डाडाँखालीमा रहेको कृष्ण मन्दिर निर्माणको लागि सर्वे डिजाईन र इष्टिमेट सहितको प्रतिवेदन तयार गर्ने र कार्य आरम्भ गर्ने निर्णय गरियो ।

निर्णय नं. ११ : वडा नं. २ ले सहकारी संस्थाहरुको सहजिकरण एवम् कृषि उपज नगरपालिका केन्द्रसम्म संकलनको लागि टयाक्टर खरिदको लागि छुटयाईएको रकम अपुग भएकोले नगरपालिकाको तर्फबाट समपूरक बजेटको व्यवस्था गर्ने निर्णय गरियो ।

निर्णय नं. १२: नेपाल सरकारको निर्णयानुसार स्थानीय तहमा स्रोत व्यक्तिको रुपमा कार्यरत स्रोत व्यक्तिहरुको काज सम्बन्धित विद्यालयमा फिर्ता गर्नुपर्ने भनि परिपत्र भएकोमा यस नगरपालिकामा स्रोत व्यक्तिको रुपमा कार्यरत स्रोत व्यक्ति श्री कामेश्वर नायकको काज फिर्ता गर्ने नगर्ने सम्बन्धमा छलफल हुँदा तत्काल नगरपालिकामा शिक्षा युवा तथा खेलकूद शाखामा कामकाज गर्ने गरी कुनै पनि कर्मचारी नखटाईएको र उक्त शाखामा रहेको कामको चाप समेतलाई विश्लेषण गर्दा स्रोत व्यक्तिको सट्टा शिक्षकलाई नगरपालिकाको सशर्त अनुदान अन्तर्गत प्राप्त तलबभत्ता शिर्षकबाट पारिश्रमिक उपलब्ध गराउने गरी यही २०७६ असार मसान्तसम्म कामकाज गर्ने गरी जिम्मेवारी तोक्ने र सोही व्यहोराको पत्र संघीय सरकारलाई लेखि पठाउने निर्णय गरियो ।

निर्णय नं. १३ : श्री शहिद स्मृति नमूना माध्यमिक विद्यालयमा विद्यालय समय बाहेक अतिरिक्त समय अध्यापन गराउने शिक्षकहरुलाई श्रावणदेखि हालसम्मको प्रति १ घण्टी बराबर मासिक रुपमा एकमुष्ट पाँच हजार रुपैयाँ अतिरिक्त समय भत्ता उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. १४ : वडा नं. ९ राडीबजार नेत्रचोकदेखि इलाका प्रहरी कार्यालय हुँदै पुलतिर जाने मोटरबाटोमा निर्माणाधिन ढलमा नगरपालिकाको तर्फबाट प्राविधिक सहयोग उपलब्ध नगराउन सक्ने अवस्थाको कारण सो निर्माण कार्यको लागि प्राविधिक सहयोग उपलब्ध गराउन सेवा परामर्शमा राखिएका प्राविधिक श्री जानकी पुरीलाई दैनिक रु ७००/०० (सात सय रुपैयाँमात्र) का दरले काम गरेको दिनको ज्याला उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. १५ : नगरपालिकालाई नेपाल सरकारको तर्फबाट प्राप्त प्राङ्गारीक कृषि कार्यक्रम अन्तर्गत प्राप्त सशर्त बजेटबाट परियोजना प्रतिवेदनमा उल्लेख भएअनुसार दश हजार सङ्ख्या बराबर किवीका विरुवा खरिद गरी वडा नं. ४, ५ र आवश्यकता अनुसार अन्य वडाहरुमा उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. १६ : नगरपालिकाभित्र उत्पादन हुने दूग्धजन्य पदार्थ सहज र सरल ढङ्गबाट संकलन

नि.प्रमुख प्रशासकीय अधिकृत

गरी बजारीकरण गर्न नगरपालिकाभित्रका विभिन्न स्थानहरुबाट दूग्धजन्य पदार्थ संकलन गरी ढुवानी गर्न आवश्यक दूध बोक्ने ट्याङ्कर खरिद गरी उपलब्ध गराउन कर्णाली प्रदेश सरकार समक्ष लेखि पठाउने निर्णय गरियो ।

<u>निर्णय नं. १७</u> : नगरपालिकाको वडा नं. १ देखि ६ एवम् नगरपालिकाका अन्य वडाहरुमा उपयुक्त समयमा नागरिकता शिविर सञ्चालन गर्न जिल्ला प्रशासन कार्यालय, रुकुम(पश्चिम) समक्ष लेखि पठाउने निर्णय गरियो ।

<u>निर्णय नं. १८</u> : नगरपालिकालाई मदिरामुक्त नगरपालिका घोषणा गर्ने अभियानलाई सार्थक तुल्याउन यस अभियानलाई कार्यतालिका बनाई प्रभावकारी ढङ्गले अगाडी बढाउने र मदिरामुक्त वडा घोषणा गर्ने वडालाई पुरुस्कार र मसलन्द खर्च वापत २५/२५ हजार रुपैयाँ उपलब्ध गराउने निर्णय गरियो ।

<u>निर्णय नं. १९ :</u> यस नगरपालिकाको आर्थिक प्रशासन शाखामा कार्यरत लेखा अधिकृत श्री ध्रुवप्रसाद लम्साल विना जानकारी लामो समयसम्म नगरपालिकामा अनुपस्थित भई कार्यालयको कामकारवाहीमा असर पुऱ्याएकोले निजलाई अव उप्रान्त त्यसो नगर्न सचेत तुल्याईयो ।

<u>निर्णय नं. २० :</u> जिल्ला समन्वय समितिको पत्र संख्या २०७५/०७६, चलानी नम्बर ४१९, मिति २०७५/११/२७ गतेको खाता नम्वर उपलब्ध गराउने बारेको पत्रानुसार यस नगरपालिका खदिगाडखोला जलविद्युत आयोजनाको लागि विनियोजन भएको तर खर्च हुन नसकेको बजेट पछि उक्त आयोजनाको खातामा उपलब्ध गराउने गरी हाललाई नगरपालिकाको संचित कोषमा दाखिला गर्ने निर्णय गरियो । सो कार्यको लागि आवश्यक कार्य गर्न वडा नं. २ का वडा अध्यक्ष श्री देवबहादुर यरीलाई नगरपालिकाको तर्फबाट प्रतिनिधिको रुपमा खटाउने निर्णय गरियो ।

नि.प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं. २१ :** आठबिसकोट नगरपालिका सार्वजनिक खरिद नियमावली, २०७५ मा देहाय बमोजिम संशोधन गर्ने निर्णय सर्वसहमतिबाट पारित गरियो।

१. नियम १५ को उपनियम (१) को (क) मा रहेको एक करोड रुपैयाँसम्मको सट्टा तीन करोड रुपैयाँसम्म, (ख) मा रहेको तीन करोड रुपैयाँसम्मको सट्टा दश करोड रुपैयाँसम्म र (ग) मा रहेको तीन करोड रुपैयाँभन्दा बढिको सट्टा दश करोड रुपैयाँभन्दा बढी भन्ने प्रावधान राख्ने।

२. नियम ७६ को (क) मा रहेको तीन करोड रुपैयाँसम्मको सट्टा दश करोड रुपैयाँसम्म र (ख) मा रहेको तीन करोड रुपैयाँभन्दा बढिको सट्टा दश करोड रुपैयाँभन्दा बढी भन्ने प्रावधान राख्ने।

**निर्णय नं. २२ :** संघीय सरकार, प्रदेश सरकार तथा आठबिसकोट नगरपालिकाको साझेदारीमा कार्यान्वयन हुने २५ शैयाको आठबिसकोट नगर अस्पताल भवन संरचना निर्माण आयोजना आठबिसकोट नगरपालिका वडा नं. ११, सालबारीमा कार्यान्वयन हुने गरी बिस्तृत परियोजना प्रतिवेदन (DPR) तयार भएकोमा उक्त प्रस्तावित स्थानमा रहेको सार्वजनिक जग्गा वन क्षेत्रमा पर्ने भएकोले नगरपालिकाले प्रयोग गर्ने अवस्था नरहेको हुँदा सो अस्पताल भवन संरचना निर्माण सम्बन्धी आयोजना ऐ नगरपालिका वडा नं. ०९, राडीबजार (साबिक आठबिसकोट स्वास्थ्य चौकी रहेको स्थानमा) मा नै कार्यान्वयन हुने गरी तयार भएको संशोधित बिस्तृत परियोजना प्रतिवेदन (DPR) तथा लागत अनुमान स्वीकृत गर्ने निर्णय सर्वसहमतिबाट पारित गरियो। साथै उक्त संशोधित बिस्तृत परियोजना प्रतिवेदन (DPR) अनुसार योजना कार्यान्वयनको प्रक्रिया अघि बढाउन प्रमुख प्रशासकीय अधिकृत, लेखा प्रमुख र पूर्वाधार विकास शाखालाई निर्देशन दिने निर्णय समेत सर्वसहमतिबाट पारित गरियो।

नि.प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख